# सिमकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### कृषि सेवा शाखा
सिमकोट हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.स.२०७६।७७ मिति:-२०७६।०८।१६
च.न. ५४८

**सूचना !सूचना!! सूचना !!!**

यस सिमकोट गाउँपालिका अन्तर्गत कृषि सेवा शाखा हुम्लाको बागवानी बिकास कार्यक्रम तर्फको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक लक्ष्य अनुसार दोश्रो चौमासिकमा संचालन गरिने कार्यक्रम अन्तर्गत हिउँदे फलफूल स्याउ र ओखरका बिरुवा वितरण कार्यक्रम रहेकोले व्यवसायिक हिउँदे फलफूल बगैचा स्यापना गर्न इच्छुक कृषि उधमी / कृषि सहकारी / कृषक समूह र कृषकहरुले निम्न उल्लेख भएका कागजात संलग्न राखि यो सूचना प्रकाशन भएको मिति देखि ३५ दिन भित्र सिमकोट गाउँपालिका, कृषि सेवा शाखा सिमकोट हुम्लामा माग निवेदन पेश गर्नुहुन यो सूचना आह्वान गरिएको छ ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु</u>

- बगैचा स्थापना गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपी।
- निवेदनका साथ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- फार्म/समूह/;सहकारी दर्ता प्रमाण-पत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रतिलिपि
- व्यवसायिक बगैचा स्थापना गर्नका लागि कम्तिमा जग्गाको क्षेत्रफल ५००० वर्ग मिटर हुनुपर्नेछ ।
- बगैचा स्थापना गर्ने स्थानमा कृषि प्राविधिकबाट रेखाकंन गराई खाल्डो तयार गरे पश्चात मात्र बिरुवा उपलब्ध गराईनेछ ।

**नोट : व्कतिगत बगैचा स्थापना गर्नाका लागी जग्गाको क्षेत्रफल अनुसार बिरुवा वितरण गरिनेछ ।**

०।८

नेत्र बहादुर शाही
कृषि शाखा प्रमुख
सिमकोट गाउँपालिका

अर्जुन दर्जी
प्रमुख प्रशासकिय अधिकृत

छरितो सेवा र पारदर्शिता , सिमकोट गाँउपालिकाको प्रतिवद्धता
( Fast service and Transparency ,Commitment of Simkot Rural Municipality)
फोन न.-०९७७-०८७६८००९४,९८५८३२०१९२वेवसाइड-www.simkotmun.gov.np
इमेल:-ito.simkotmun@gmail.com